नेपाल सरकार

अर्थ मन्त्रालय

# भन्सार विभाग

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

प.सं.:-
च.नं.:-

त्रिपुरेश्वर, काठमाडौं, नेपाल

## प्रेस विज्ञप्ति

## SASEC मा आबद्ध नेपाल लगायत चार मुलुकबीच पूर्व-आगमन सूचना आदान-प्रदानसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर




दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग (SASEC) अन्तर्गत सदस्य राष्ट्रहरूबीच व्यापार सहजीकरण तथा भन्सार नियन्त्रणलाई थप प्रभावकारी बनाउने उद्देश्य अनुरूप तयार गरिएको **"Memorandum of Intent for Cooperation in Exchange of Pre-Arrival Information for Facilitation of Trade and Customs Control on Goods between the Customs Administrations of South Asia Subregional Economic Cooperation Countries"** मा नेपाल, भुटान, बङ्गलादेश र माल्दिभ्सका भन्सार प्रशासनबीच हस्ताक्षर भएको छ।

माल्दिभ्समा आयोजित SASEC को १४औं Customs Subgroup Meeting को अवसरमा उक्त समझदारीपत्रमा चार देशका भन्सार प्रशासनको तर्फबाट आज मिति २०८३ साल भाद्र ३ मा हस्ताक्षर भएको हो। नेपालको तर्फबाट भन्सार विभागका **महानिर्देशक श्री यमलाल भूसाल**ले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको छ।

यस समझदारीको मुख्य उद्देश्य सदस्य राष्ट्रहरूबीच वस्तुहरूको पूर्व-आगमन सूचना (Pre-Arrival Information) आदान-प्रदान गर्नु रहेको छ। यसबाट मालवस्तु भन्सार कार्यालयमा आइपुग्नु अघि नै उपलब्ध सूचनाको विश्लेषण गरी जोखिम व्यवस्थापन गर्न, भन्सारको नियन्त्रणलाई थप प्रभावकारी बनाउन तथा छिटो र सहज रूपमा वस्तु जाँचपास गर्न सहयोग पुग्नेछ। यसले व्यापारिक प्रक्रियामा लाग्ने समय र लागत घटाउँदै वैदेशिक व्यापारलाई थप सहज, पारदर्शी र पूर्वानुमानयोग्य बनाउन योगदान गर्ने अपेक्षा गरिएको छ।

मितिः २०८३/०५/०३

२०८३/०५/०३
सूचना अधिकारी

टेलिफोन नं.: ९७७-१-५९१७२१५, ५९१७२१७, ५९१७२२५, ५९१७२२६, ५९१७२२७ IVR: ०१-५९७०६५६
इमेल : prasasan.customs@gmail.com, prasasan@customs.gov.np वेबसाइट : www.customs.gov.np